म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- १३७ २०८१ चैत्र २५ गते सोमबार 7 April 2025, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## वरिष्ठ पत्रकार भैरव रिसालको निधन



काठमाडौं : वरिष्ठ पत्रकार भैरव रिसालको निधन भएको छ । आइतबार दिउँसो बानेश्वर स्थित फ्रन्टलाइन अस्पतालमा उपचारका लागि रिसाललाई भर्ना गरिएको थियो । आइतबार राति पौने ८ बजे रिसालको निधन भएको उनका माइला भाइ पुरू रिसालले पुष्टि गरे । ९७ वर्षीय रिसालको शवलाई पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिने उनकी छोरी सुष्मा रिसाल सापकोटाले जानकारी दिएकी छन् । रिसालले शरीर दान गरेकाले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लैजान लागिएको हो । *स्रोत : अनलाइनखबर ।*

# गाउँमा ठडिँदै सुविधा सम्पन्न सिंहदरबार




**समाज संवाददाता**

हेटौंडा : मकवानपुर जिल्लाको १० स्थानीय तह मध्ये भाडाको घरमा सञ्चालित एकमात्र मनहरी गाउँपालिकाको सुविधासम्पन्न प्रशासनिक भवन (सिंहदरबार) निर्माण कार्य द्रुत गतिमा अगाडि बढेको छ । लामो समयदेखि भाडाको घरबाट सेवा प्रवाह गर्दै आएको मनहरी गाउँपालिकाको सुविधासम्पन्न आफ्नै भवन निर्माण द्रुत गतिमा अगाडी बढेको छ ।

जग्गा अभावका कारण निर्माण प्रक्रिया अगाडि बढाउन नसकेको गाउँपालिकाले यसै वर्ष जग्गा प्राप्त गरी मनहरी-९, रजैयामा सुविधासम्पन्न तीन तले भवन निर्माण प्रक्रिया अगाडि बढाएको हो । राष्ट्रिय वन क्षेत्रको ६ कठ्ठा क्षेत्रफल जग्गाको स्वामित्व गाउँपालिका अन्तर्गत ल्याएर गाउँपालिकाको भवन निर्माण कार्य थालेको गाउँपालिकाका बरिष्ठ लेखा अधिकृत राजेन्द्र भट्टराईले जानकारी दिनुभयो । पालिकाको प्रशासनिक भवनको तामाकोसी-ढाँचा निर्माण सेवा जेभीले निर्माणको ठेक्का पाएको छ । असोज १४ गते सम्झौता भएको भवनको २०८२ चैत ३० गते निर्माण सम्पन्न हुने उल्लेख छ । तीन तल्लाको निर्माण हुने भवनको कुल लागत ८ करोड २८ लाख ६ हजार रुपैयाँ रहेको छ ।

स्थानीय सरकार सञ्चालनको दोस्रो कार्यकालको अन्त्यसम्ममा मनहरी गाउँपालिकाले आफ्नै प्रशासनिक भवनबाट कार्यसम्पादन सुरु गर्ने गरी काम अगाडि बढेको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बताउनुभयो । निर्माणाधिन भवन अपाङ्गमैत्री र नयाँ प्रविधियुक्त हुने अध्यक्ष कालाखेतीले जानकारी दिनुभयो । भवन निर्माण भए पश्चात् पालिकाले दिने सेवा थप प्रभावकारी हुनुका साथै आर्थिक बचत समेत हुने उहाँको भनाइ छ । देश संघीयतामा गएसँगै सिंहदरबार निर्माणले सार्थकता पाउँदै आएको हो ।

मकवानपुर जिल्लाका १० स्थानीय तहमध्ये पहिलो कार्यकालमा तीनवटा स्थानीय तहले आफ्नै सुविधासम्पन्न भवन निर्माण गरेको थियो । जिल्लाको हेटौंडा उपमहानगरपालिका र थाहा नगरपालिका बाहेक अन्य स्थानीय तहहरुले पहिलो कार्यकालमा भाडाका वा अस्थायी भवनबाट सेवा प्रवाह गर्दै आएकोमा तीन वटा स्थानीय तहले आफ्नै सुविधासम्पन्न भवन निर्माण गरेर सेवा प्रवाह गरेका हुन् । पहिलो कार्यकालमा जिल्लाको भीमफेदी, मकवानपुरगढी र कैलाश गाउँपालिकाले आफ्नो भवन निर्माण सम्पन्न गरी नयाँ भवनबाटै दैनिक कामकाज सञ्चालन गरिरहेका छन् । तीमध्ये भीमफेदी र कैलाश गाउँपालिकाको भवन जिल्ला समन्वय समितिको मौजदात कोषको रकमबाट निर्माण भएको हो ।

भीमफेदी गाउँपालिकाले संघियतापछि जिल्लामै पहिलो पटक ४२ कोठे सुविधासम्पन्न भवन ४ करोड १२ लाख रुपैयाँ लागतमा निर्माण गरेको हो । उक्त भवन निर्माणका लागि जिल्ला समन्वय समितिबाट ८ रोपनी जग्गा र २ करोड रुपैयाँ, संघीय सरकारबाट एक करोड ४० लाख र बाँकी ७२ लाख ८२ हजार रुपैया गाउँपालिकाको लगानी रहेको गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिनुभयो । २०७८ साल साउन ३२ गतेबाट भीमफेदीमा नयाँ भवनबाट सेवा प्रवाह सुरु गरेको हो ।

यस्तै जिल्लाको बिकट कैलाश गाउँपालिकाले जिल्ला समन्वय समितिको २ करोड र बाँकी पालिकाको ३ करोड १८ लाख ५३ हजार रुपैयाँ बजेटबाट २६ कोठे सुविधासम्पन्न भवन निर्माण गरेको हो । गाउँपालिकाले उक्त भवनबाट २०७८ साल पुस २१ गतेबाट सेवा प्रवाह सुरु गरेको हो । भवन अभावमा विभिन्न समस्या खेप्दै आएको गाउँपालिकाले सुविधासम्पन्न भवनबाट अहिले सेवा प्रवाह गरिरहेको छ । स्थानीय तहको प्रशासनिक भवन निर्माणमा सहायता प्रदान गरिएको निवर्तमान जिल्ला समन्वय समितिका प्रमुख रघुनाथ खुलालले जानकारी दिनुभयो ।

पहिलो कार्यकालमै जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पनि २४ कोठे सुविधासम्पन्न भवनबाट सेवा प्रवाह गरेको हो । नयाँ भवनबाट २०७८ सालमै सेवा प्रवाह गरेको जानकारी दिनुहुँदै गाउँपालिकाका योजना शाखा प्रमुख प्रकाश न्यौपानेले भवन निर्माणका लागि पालिकाले भने करिब डेढ करोड मात्र बजेट खर्च गरेको बताउनुभयो । तत्कालिन पर्यटन मन्त्रालय, स्थानीय महिला समुह र वनसमिति साथै भवन निर्माणका लागि महायज्ञको समेत आयोजना गरिएको उहाँले बताउनुभयो । साविक गाउँ विकास समितिले बृद्धाश्रम निर्माणका लागि महायज्ञ लगाएको र सोही अवधिबाट सुरु भएको भवन निर्माणको काम स्थानीय महिला समूह, वन समिति लगायतको सहयोगमा संघीयतापछि पालिकाले प्रशासकीय भवनका लागि डेढ करोड रुपैयाँ खर्च गरेर निर्माण गरेको उहाँले बताउनुभयो ।

जिल्लाका १० मध्ये अहिले जिल्लाको मनहरीसहित राक्सिराङ, ईन्द्रसरोवर र बकैया गाउँपालिकाले सुविधासम्पन्न आफ्नै प्रशासनिक भवन निर्माण गरिरहेको छ । यी स्थानीय तहहरुले पनि यो कार्यकालको अन्त्यसम्ममा आफ्नै भवन निर्माण सम्पन्न गरी नयाँ भवनवाट कार्यसम्पादन गर्न सफल हुने देखिन्छ ।

आगामी आर्थिक वर्षको अन्त्यसम्म सुविधा सम्पन्न भवन निर्माण गरी नयाँ भवनबाट कार्यसम्पादन गर्ने गरी काम अगाडि बढेको तीनवटै स्थानीय तहहरुले जनाएको छ । सबैभन्दा पछि निर्माण सुरु भएको मनहरी गाउँपालिकाको निर्माण कार्य २०८२ चैत्र ३० गते सम्पन्न गर्नेगरी काम सुरु भएको छ भने, राक्सिराङ, इन्द्रसरोवर र बकैया गाउँपालिकाले ७० देखि ९० प्रतिशत भौतिक प्रगति भएको र वित्तीय प्रगति पनि ७० देखि ८० प्रतिशतकै हाराहारीमा पुगेको जनाएको छ । स्थानीय तहका प्रमुखहरुले आफ्नो कार्यकालमा नै भवन निर्माण सम्पन्न हुने गरी भवन निर्माणकार्य तीव्र रूपमा अघि बढाइएको जनाएका छन् ।

जिल्लाको इन्द्रसरोवर गाउँपालिकाले हलसहितको पाँच तलाको ४० कोठे भवन निर्माण गर्दैछ । प्रशासकीय भवन, इजलास, पर्खालसमेत गरेर १० करोड ७४ लाख रुपैयाँमा निर्माण भइरहेको छ । प्रशासकीय भवन निर्माण गर्नका लागि संघीय सरकारले मात्र ५ करोड ४० लाख सहयोग गरेको छ भने बाँकी रकम गाउँपालिकाले खर्च गर्ने प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामाले बताउनुभयो । निर्माणाधिन भवनको भौतिक प्रगति करिब ७० प्रतिशत पुगेको गाउँपालिकाका सूचना अधिकारी दीपक चापागाईले बताउनुभयो ।

त्यस्तै जिल्लाको राक्सिराङ गाउँपालिकाले ६ करोड ४२ लाख लागतमा ४ तले प्रशासकीय भवन निर्माण गरिरहेको छ । ४३ कोठे भवन निर्माणका लागि संघीय सरकारको ६० प्रतिशत र पालिकाको ४० प्रतिशत लागत रहेको गाउँपालिकाले जनाएको छ । तत्कालिन प्रजा विकासको जग्गामा निर्माणाधिन भवनको भौतिक र वित्तीय प्रगति करिब ८० प्रतिशत पुगेको गाउँपालिकाका लेखा अधिकृत सत्येन्द्र आचार्यले जानकारी दिनुभयो । पालिकाका अध्यक्ष राजकुमार मल्लले संघीयताको उपजकै रुपमा बिकट चेपाङ वस्तीमा सिंहदरबार खडा भएको बताउनुभयो । दोस्रो पटक निर्वाचित हुनु भएका अध्यक्ष मल्लले पहिलो कार्यकालमा बाटोलाई प्राथमिकता दिएको भन्दै यो कार्यकालमा एउटा वडा बाहेक सबैमा आफ्नै प्रशासकीय भवन र पालिकाको सुविधासम्पन्न भवन निर्माण अन्तिम चरणमा पुगेको बताउनुभयो ।

यस्तै बकैया गाउँपालिकाको चार तले ४० कोठे सुविधा सम्पन्न भवन निर्माणको काम अन्तिम चरणमा पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले बताउनुभयो । कुल सात करोड ८२ लाख ५० हजार रुपैयाँमा भवन निर्माण सम्झौता भएको छ । प्रशासकीय भवनको काम ८० प्रतिशत र वित्तीय प्रगति ७५ प्रतिशत भएको गाउँपालिकाले जनाएको छ ।

जिल्लाका १० स्थानीय तह मध्ये बाँकी एक मात्र बागमती गाउँपालिकाले पनि आगामी आर्थिक वर्षमा सुविधासम्पन्न भवन निर्माण गर्ने जनाएको छ । दोस्रो कार्यकाल पनि निर्वाचित गाउँपालिकाका अध्यक्ष सर्केश घलानले अघिल्लो कार्यकालमा सडक पूर्वाधारलाई प्राथमिकता दिएको भन्दै आगामी वर्ष भने पालिकाको सिंहदरवार निर्माण गर्ने योजना रहेको बताउनुभयो । जनताका आधारभूत आवश्यकतालाई पहिलो कार्यकालमा प्राथमिकता दिएको भन्दै उहाँले अब पालिकाको सुविधासम्पन्न भवन निर्माण गर्ने योजना सुनाउनुभयो ।

# झम्केश्वरी माविको ६ कोठे छात्रावास भवनको शिलान्यास



*छात्रावास भवनको सिलान्यास गर्नुहुँदै संघीय सांसद महेशकुमार बर्तौला ।*


**समाज संवाददाता**

हेटौंडा : थाहा नगरपालिका-१, ओखर बजारस्थित झम्केश्वरी माध्यमिक विद्यालयको ६ कोठे छात्राबास भवनको शिलान्यास भएको छ । आइतबार संघीय सांसद तथा नेपाल कम्युनिस्ट पार्टी एमालेका प्रमुख सचेतक महेश कुमार बर्तौलाले भवनको सिलान्यास गर्नुभएको हो । एक पालिका एक छात्रावास अभियानअन्तर्गत झम्केश्वरीमा छात्रावास निर्माणको कार्य हुन लागेको सांसद बर्तौलाको भनाइ छ ।

संघीय सरकारको १ करोड रुपैयाँ लागतमा भवन निर्माण हुने झम्केश्वरी माध्यमिक विद्यालयका लेखापाल जर्म श्रेष्ठले जानकारी दिनुभयो । भवन निर्माणको ठेक्का एलन निर्माण सेवाले पाएको छ । आउँदो असार मसान्तसम्ममा भवन निर्माण गरी सक्ने उहाँले बताउनुभयो । ५१ जना विद्यार्थीका लागि छात्रावास निर्माण हुन लगिएको हो ।

झम्केश्वरी माध्यमिक विद्यालयमा बालविकास केन्द्रदेखि कक्षा-१० सम्म पढाई हुन्छ । २ देखि साढे २ घण्टाको पैदल यात्रा गरी कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिकाको ४ र ५ नम्बर वडाबाट समेत पढ्नका लागि विद्यार्थी आउने गरेका छन् । विद्यालय तहको शिक्षा लिनकै लागि विद्यार्थी कोठा भाडामा लिएर बस्न बाध्य छन् । जसमा ४० जना विद्यार्थी कोठा भाडामा बस्दै आएको लेखापाल श्रेष्ठले जानकारी दिनुभयो । छात्रावास निर्माण पश्चात् घण्टौं पैदल यात्रा गरेर आउने विद्यार्थी र कोठा भाडामा बस्न बाध्य विद्यार्थीलाई राहत हुने उहाँले बताउनुभयो ।

छात्रावासमा बस्ने विद्यार्थीले खानाको व्यवस्था आफैंले गर्नुपर्ने छ । सकेसम्म खानाको व्यवस्था सरकारलाई नै गरिदिन विद्यालयले पहल गर्ने श्रेष्ठले बताउनुभयो । हाल विद्यालयमा १८ शिक्षक छन् भने २ सय ९५ जना विद्यार्थी अध्ययनरत छन् । यस वर्ष माध्यमिक शिक्षा परीक्षा (एसईई) मा २६ जना विद्यार्थी सहभागी भएका थिए ।



# सम्पादकीय

## लागूऔषध नियन्त्रण चुनौतीपूर्ण

लागूऔषधको समस्या विश्वभर व्याप्त छ । अधिकांश देशका लागि लागूऔषध दुर्व्यसनको समस्या टाउको दुखाई बनिरहेको छ । लागूऔषधको उत्पादन, बेचविखन, ओसारप्रसार, सेवन नियन्त्रण गर्न नसकेका देशहरु विश्वभर बदनाम बन्नु परिरहेको छ । लागूऔषध दुर्व्यसन र यसको असरले समाजमा विभिन्न विकृति देखा परिरहेको छ । अधिकांश लागूऔषध दुर्व्यसनी तथा कारोबारीमा देखिने आपराधिक मानसिकताले मानिसलाई संवेदनाहीन बनाइरहेको छ । लागूऔषध दुर्व्यसन र कारोबारमा अधिकांश किशोरावस्था र युवावस्थाका मानिसहरु संलग्न हुनु चिन्ताजनक हो । लागूऔषधको कुलत र कारोबारमा फस्दै गएपछि जोसुकैको भविष्य अन्धकार बन्दछ । यसले व्यक्ति, परिवार, समुदाय, समाज, देश र विश्वकै आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, नैतिक, संवेगात्मक सबै प्रकारका विकासमा नकारात्मक असर गर्दछ ।

पछिल्लो समय लागूऔषधको कारोबार र दुर्व्यसनी बढ्दै गएको छ । प्रहरीले दिनहुँ लागूऔषध ओसारपसार तथा दुर्व्यसनमा संलग्नहरुलाई पक्राउ गर्नुले लागूऔषध समस्या बढ्दै गएको पुष्टि गर्दछ । शनिबारमात्रै प्रहरीले एम्बुलेन्सबाट ठूलो परिमाणमा लागूऔषध बरामद गरेको छ । हेटौंडा हुँदै काठमाडौं जाँदै गरेको भारतीय नम्बरको एम्बुलेन्सबाट प्रहरीले अवैध लागूऔषध बरामद गरेको हो । कान्तिलोकपथको भ`डाँडास्थित प्रहरी चौकीका प्रहरी टोलीले शनिबार बिहान २ बजेतिर बिआर ०५ पिए ०४२१ नम्बरको भारतीय एम्बुलेन्सबाट अवैध लागूऔषध ट्रामाडोल क्याप्सुल बरामद गरेको छ । प्रहरीले ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल (आइपी ट्रामाडोल लेखिएको) ५ हजार ४ सय पत्ता र ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल (आइपी ५० एमजी ट्रामन लेखिएको) ४ हजार ८ पत्ता गरी जम्मा ९ हजार ४ सय ८ पत्ता बरामद गरेको छ । यी दुबै लागूऔषध एक पत्तामा १० क्याप्सुल रहेको छ । अवैध लागूऔषधसहितको एम्बुलेन्सबाट प्रहरीले २ जना बालबालिकासहित चालक र अन्य गरी ६ जना भारतीयलाई नियन्त्रणमा लिएको छ ।

शुक्रबार प्रहरीले मकवानपुरको थाहा नगरपालिका-६, बज्रबाराहीका ३८ वर्षीय दशरथ थिङलाई लागूऔषध चरेशसहित पक्राउ गरेको छ । साँझ ६:३० बजेको समयमा विशेष सूचनाको आधारमा प्रहरीले थिङलाई बारा जिल्लाबाट ११ किलो ६८० ग्राम लागूऔषध चरेशसहित पक्राउ गरेको हो । हेटौंडाबाट वीरगञ्जतर्फ जाँदै गरेको बा ४८ प ९३३ नम्बरको मोटरसाइकमा सवार थिङलाई प्रहरीले सुरक्षाजाँच गर्दा लागूऔषध चरेशसहित पक्राउ गरेको छ । नेपालमै उत्पादन हुने र बाहिरी देशबाट भित्रने दुबै प्रकारका लागूऔषधको कारोबार नेपालमा फस्टाउँदै गएको छ । लागूऔषधका विभिन्न समस्या बढ्दै जानुको कारण, यसको चौतर्फी असर र रोकथामका उपायबारे सरकार र अन्य सरोकार निकायको ध्यान पुग्नु आवश्यक छ ।

लागूऔषध नियन्त्रण प्रभावकारी हुन नसक्दा यो समस्या चुनौतीपूर्ण देखिएको छ । विशेष सूचनाको आधारमा वा आकस्मिक चेकजाँचको क्रममा प्रहरीले लागूऔषध ओसारपसारमा संलग्न व्यक्तिलाई पक्राउ गर्ने र लागूऔषध बरामद गर्दै आएको छ । पक्राउ परेका व्यक्तिलाई अदालतमा मुद्दा दायर गरेर कानुनी कारबाही गर्ने र बरामद लागूऔषध नष्ट गर्ने गरिएको छ । लागूऔषधको समस्या समाधानमा अहिले भइरहेका प्रयत्नमात्र पर्याप्त छैन । प्रहरीले चलाउँदै आएको सचेतना र कारबाहीले मात्र लागूऔषध नियन्त्रणमा पूर्ण प्रभावकारी हुन सकिरहेको छैन । लागूऔषध उत्पादन, आयात, कारोबार र सेवनजस्ता सबै प्रकारका गैरकानुनी कार्य अन्त्य हुनुपर्छ । यसका लागि पर्याप्त सचेतनासहित थप रणनीति र कार्यक्रम कार्यान्वयन गर्नु उपयुक्त हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भेटघाट र रामरमाइलोमा समय व्यतित होला ।
**वृष** : परीक्षा र प्रतियोगितामा सफल भइने समय छ ।
**मिथुन** : आन्तरिक उर्जाको स्रोतमा वृद्धि हुने समय छ ।
**कर्कट** : सुखको बारेमा चिन्तन बढ्ने समय योग छ ।
**सिंह** : घरायसी समस्या बढ्ने योग रहेको देखिन्छ ।
**कन्या** : आफन्तको काममा समय व्यतित हुने योग छ ।
**तुला** : निर्णय क्षमतामा कमी आउने समय योग छ ।
**वृश्चिक** : अवसर प्राप्तिका लागि दौडधूप हुने समय छ ।
**धनु** : मिहिनेतले पुरस्कार र प्रतिष्ठा हात लाग्ला ।
**मकर** : सामाजिक एवम् धार्मिक काममा सरिक भइने छ ।
**कुम्भ** : व्यक्तित्व र उज्ज्वल भविष्यको चाहना बढ्ने छ ।
**मीन** : सेवाग्राहीले विश्वास जित्न समय लाग्ने योग छ ।

# तामाङ भाषा शिक्षामा लिपि विवाद
# समाधानतर्फको मार्गचित्र



✍बुद्धवीर लामा

### बहुभाषिक राष्ट्रमा बहसको केन्द्रमा मातृभाषा शिक्षा

नेपालको विविधतायुक्त समाजमा भाषा केवल सञ्चारको माध्यम मात्र नभई पहिचान, संस्कार, र सामुदायिक अस्तित्वको आधार हो । यही सन्दर्भमा, तामाङ समुदायको मातृभाषा शिक्षा आज भाषिक अधिकारको बहसको केन्द्रमा उभिएको छ । विशेषतः सम्भोटा र तामयिग लिपिको प्रयोगबारे चलिरहेको विवादले तामाङ भाषा शिक्षामा नकारात्मक प्रभाव पारिरहेको छ । यस लेखमा लिपि बहसको ऐतिहासिक, राजनीतिक, र व्यावहारिक पक्षको विश्लेषण गर्दै, समाधानतर्फ मार्गचित्र प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

### लिपि विवादको ऐतिहासिक र भाषिक पृष्ठभूमि

**१. सम्भोटा लिपि (बौद्ध संस्कृतिको प्रतिबिम्ब)** : सम्भोटा लिपि तिब्बती मूलको लिपि हो, जसको विकास सातौं शताब्दीमा सम्भोट नामक विद्वानद्वारा गरिएको मानिन्छ । तामाङ समुदायमा बौद्ध धर्मको प्रभावका कारण सम्भोटा लिपिको प्रयोग धार्मिक ग्रन्थ, मन्त्र, र साँस्कृतिक पाठहरूमा लामो समयदेखि हुँदै आएको छ । यसको प्रयोगले तामाङहरूको बौद्धिक इतिहाससँग जोडिएको अनुभूति दिन्छ ।

**२. तामयिग लिपि (भाषिक वैज्ञानिकताको प्रयास)** : तामयिग लिपि सम्भोटा लिपिमा आधारित भए तापनि, तामाङ भाषाको ध्वन्यात्मक विशेषता अनुरूप संशोधित गरिएको लिपि हो । यसको विकास २०५० को दशकपछि सक्रिय रुपमा भएको हो, जसले समुदायभित्र आफ्नै भाषाका लागि उपयुक्त लिपि निर्माणको भावना उजागर गर्‍यो । तामयिग लिपिले व्याकरणिक सादगी, बालमैत्रीता, र डिजिटल पहुँचका दृष्टिले सहजता प्रदान गर्ने दाबी राख्छ ।

### मुख्य विवादका पक्षहरू

| पक्ष | सम्भोटा लिपि | तामयिग लिपि |
|---|---|---|
| धार्मिक र साँस्कृतिक सम्बन्ध | बौद्ध परम्परासँग गहिरो सम्बन्ध | जातीय भाषिक विशेषतामा केन्द्रित |
| शैक्षिक अनुकूलता परम्परागत, जटिल | ध्वनि संरचना | सरल र बालमैत्री |
| डिजिटल उपलब्धता | सीमित युनिकोड समर्थन | युनिकोड मापदण्डमा विकासोन्मुख |
| सामुदायिक विभाजन | धार्मिक नेताहरूको समर्थन | युवा र शिक्षक वर्गको समर्थन |

### सम्भावित समाधान : सहमति र समन्वयमा आधारित नीति

१. दुवै लिपिलाई आत्मसात गर्ने बहु-लिपि दृष्टिकोण

"एकीकृत लिपि प्रयोग" को अवधारणा अनुसार प्रारम्भिक कक्षामा तामयिग प्रयोग गरिने, माथिल्लो तहमा सम्भोटाको साँस्कृतिक महत्वसहित समावेश गरिने ढाँचा विकसित गर्न सकिन्छ ।

यस्तै दृष्टिकोण चितवनको राप्ती नगरपालिकाका ३ विद्यालयमा परीक्षण गरिएको छ, जहाँ अभिभावक सन्तुष्टि दर ७८% पुगेको थियो (शिक्षा मन्त्रालय, २०७९) ।

**२. राष्ट्रिय लिपि मानकीकरण आयोग गठन**

भाषाविद्, शिक्षक, बौद्ध धर्मगुरु र समुदायका प्रतिनिधि संलग्न हुने 'तामाङ भाषा लिपि आयोग' स्थापना गरी वैज्ञानिक, सामाजिक र प्राविधिक अध्ययनका आधारमा सिफारिस गरिनुपर्छ ।

**३. डिजिटल प्रविधिमा लिपिको एकीकरण**

Nepal Unicode Consortium (२०८१) ले तामाङ लिपिहरूको कोडिङ समावेश गर्ने प्रक्रिया अघि बढाइसकेको छ । त्यसलाई द्रुत कार्यान्वयन गर्नु आवश्यक छ ।

मोबाइल एप, अनलाइन शिक्षण सामग्री, र वाचन उपकरणहरूमा बहुलिपि समर्थन गर्नुपर्ने आवश्यकता छ ।

### संवैधानिक आधार र स्थानीय तहको भूमिका

नेपालको संविधान २०७२ को धारा ३१ (५) र धारा ३२ मा मातृभाषामा शिक्षाको अधिकार सुनिश्चित गरिएको छ । यसका आधारमा केही स्थानीय तहहरूले पहल गरेका तामाङ भाषा शिक्षा लागू भएका स्थानीय तहहरूको अद्यावधिक नामावली (२०८१ सम्म) प्रस्तुत गरिएको छ । यो सूची विभिन्न स्रोतहरू (शिक्षा मन्त्रालयका प्रतिवेदन, मातृभाषा अभियान, स्थानीय तहको नीति दस्तावेजहरू) मा आधारित छ :

**तामाङ भाषा शिक्षा लागू भएका स्थानीय तहहरू (२०८१ सम्म)**

| प्रदेश | जिल्ला | स्थानीय तह | लिपि प्रयोग | कक्षा स्तर |
|---|---|---|---|---|
| १ (कोशी) | भोजपुर | ट्याम्के मैयुङ गाउँपालिका | तामयिग | १-३ |
| १ (कोशी) | उदयपुर | लिम्चुङबुङ गाउँपालिका | तामयिग | १-३ |
| बागमती | मकवानपुर | थाहा नगरपालिका | तामयिग | १-५ |
| बागमती | चितवन | राप्ती नगरपालिका, कालिका नगरपालिका | सम्भोटा+तामयिग | १-३ |
| बागमती | काभ्रेपलाञ्चोक | नमोबुद्ध र मण्डनदेउपुर नगरपालिका | सम्भोटा | १-३ |
| बागमती | काठमाडौं | शङ्खरापुर नगरपालिका | तामयिग | १-२ |
| गण्डकी | गोरखा | अजिरकोट गाउँपालिका, पालुङटार नगरपालिका | तामयिग | १-३ |
| लुम्बिनी | नवलपरासी (ब.पु) | देवचुली र कावासोती नगर पालिका | तामयिग | १-५ |
| बागमती | रामेछाप | सुनापती गाउँपालिका | सम्भोटा | १-२ |
| बागमती | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका | तामयिग | १-३ |
| बागमती | धादिङ | गंगाजमुना गाउँपालिका, रुबीभ्याली गाउँपालिका | तामयिग | १-३ |
| गण्डकी | लमजुङ | दोर्दी गाउँपालिका | तामयिग | १-२ |
| बागमती | दोलखा | भीमेश्वर नगरपालिका | सम्भोटा | १-२ |

**कैफियतहरू:**

- लिपि प्रयोग : धेरैजसो स्थानीय तहले समुदायको मागअनुसार लिपिको चयन गरेका छन् । चितवन, मकवानपुर जस्ता स्थानहरूमा दुबै लिपिको सहअस्तित्वको प्रयास भइरहेको छ ।
- कक्षा स्तर : प्रारम्भिक कक्षा (१-३) मा मातृभाषा शिक्षा केन्द्रित गरिएको छ, तर कतिपय स्थानीय तहमा कक्षा ५ सम्म विस्तार गरिएको छ ।

यी स्थानीय तहमा तामाङ भाषा कक्षा १-५ सम्म पठनपाठन सुरु गरिएको छ, जसमा अधिकांशले तामयिग लिपिको प्रयोग गरेका छन् । कतिपय ठाउँमा शिक्षकको माग अनुसार सम्भोटा लिपिको पनि प्रयोग गरिएको पाइन्छ ।

### नीति सिफारिसहरू

१. तामाङ लिपि आयोग गठन गरी २ वर्षभित्र मानकीकरणको प्रक्रिया सम्पन्न गरियोस् ।

२. शिक्षा मन्त्रालय अन्तर्गत बहुभाषिक पाठ्यपुस्तक विकास इकाईमा तामाङ भाषाविद्हरूलाई प्रतिनिधित्व दिइयोस् ।

३. डिजिटल प्लेटफर्महरूमा दुवै लिपिको पहुँच सुनिश्चित गर्न निजी क्षेत्रलाई पनि प्रोत्साहन गरियोस् ।

४. शिक्षक तालिम कार्यक्रममार्फत दुवै लिपिको सैद्धान्तिक र व्यवहारिक ज्ञान दिइयोस् ।

### निष्कर्ष : विविधताभित्र एकताको बाटो

तामाङ समुदायको भाषिक विकास कुनै एक लिपिको जित वा हारमा होइन, साझा सहमतिमा आधारित 'संवेदनशील समाधान' मा निर्भर गर्दछ । जबसम्म समुदाय स्वयम्ले व्यवहारिक एकता प्रदर्शन गर्दैन, तबसम्म सरकारी प्रयास मात्र अपर्याप्त हुनेछ । भाषाको संरक्षणको अन्तिम लक्ष्य भनेको प्रयोगको विस्तार र पुस्तान्तरण हो–त्यसका लागि हामी सबैले एकअर्काको दृष्टिकोणलाई सम्मान गर्दै अगाडि बढ्नुपर्छ ।

लेखकः- मकवानपुर जिल्ला, बकैया गाउँपालिका - नेपाल तामाङ घेदुङ कार्यसमिति सदस्य तथा शैक्षिक अभियन्ता/समाजशास्त्रमा स्नातकोत्तर हुनुहुन्छ ।

### सन्दर्भ सामग्री

१. तामाङ, के. (२०७५). तामाङ भाषाको इतिहास. काठमाडौंः नेपाल भाषा प्रकाशन ।
२. शिक्षा मन्त्रालय (२०७९). मातृभाषा शिक्षणका सफल मोडेलहरू । काठमाडौं ।
३. Nepal Unicode Consortium (२०८१). Indigenous Script Inclusion Report.
४. तामाङ भाषा अध्ययन केन्द्र (२०८०). लिपि विवादबारे जनमत सर्वेक्षण ।
५. श्रेष्ठ, गो. (२०७९). नेपालको बहुभाषिक शिक्षामा लिपि समस्याहरू. भाषा र शिक्षा जर्नल, खण्ड १२ ।

# रुँदै परदेसिए भुईमान्छे तर सत्यको हार हुने छैन

परदेशको दुःख-कष्ट, ठेला उठेका हात, कठोर घाम पसिनाले लिथ्नो भएको शरीर । तैपनि तीनवर्ष अगाडि अरब खाडीबाट देश फर्कंदा छुट्टै सपना साँचेर आएका थिए, भुइँमान्छे । आशा बोकेर आएका थिए ।

छोरीलाई अंकमाल गर्ने, परिवारसँग रमाउने र आफ्नै घरमा आफ्नै माटो खनीखोस्री बाँकी जिन्दगी बिताउने !

विज्ञापन पोस्ट गर्नुहोस् सबै हेर्नुहोस्

तर, फर्किएपछि पाए- जीवनमै नसोचेको ठूलो बज्रपात ।

घरमा पाइला राख्न नपाउँदै देखे/सुनेका कुराले भुइँमान्छेको संसार भत्कियो । आफ्नी श्रीमतीसँग अर्कै परपुरुष । छोरीलाई छात्रावासमा राखिएको । अनि थाहा भयो – आफ्नै श्रीमतीको जीवनमा बसेको त्यो पुरुष कोही सामान्य व्यक्ति होइन – माओवादी पार्टीकै नेता । गजधम्म राजकीय पद ओगटेर बसेको मान्छे ।




अब कहाँ जाउँ ? के गरूँ ?

प्रहरी कहाँ पुग्दा राजनीति ठोक्कियो । अदालत पुग्दा पहुँचको पर्खाल देखियो । आफ्नो न्याय आफैँ लड्नुपर्ने !

अन्ततः भुइँमान्छे पुगे – त्यही माओवादी पार्टीको बागमती प्रदेश कार्यालयमा । जहाँ निरन्तर शब्द गुन्जिन्थ्यो – "हामी भुइँमान्छेहरूको पार्टी हो, माओवादी गरीव जनताको आवाज हो ।"

तर, त्यो आवाज कहाँ थियो ? त्यो न्याय कहाँ, कसको लागि थियो ? अहँ भुइँमान्छेले महसुस नै गर्न पाएनन् ।

पार्टीको ढोका ढकढक्याउन पुगेका भुइँमान्छेको हातमा परदेशमा थोपाथोपा गरी बचत गरेको सम्पत्ति र परिवार साथसाथै गुमाएको फेहरिस्त थियो । मुटुमा पीडा थियो । आँखामा आँसु थिए । अपमान थियो ।

भित्र रहेका नेताहरूले उनलाई हेरे – तर चिनेजस्तो गरेनन् । सुने – तर नसुने झैँ गरे । ठूला पदमा बसेकाहरूका लागि त्यो मान्छेको पीडा एउटा सस्तो समाचार जस्तो थियो – जसले तिनलाई कुनै फरक पारेन ।

भुइँमान्छेले गुहारे– "मेरो छोरीको सुरक्षाको ग्यारेन्टी दिनुहोस् । मेरो जीवन जोगाइदिनुहोस् । मेरो घर सम्पत्ति फिर्ता गराइदिनुहोस् । मेरो परिवारका बारेमा स्पष्ट गर्नुहोस् । मेरो सपना कब्जा गर्ने अपराधीलाई कार्वाही गर्नुहोस् !"

तर, प्रतिउत्तर आयो– "कानुनी प्रक्रिया पुर्‍याऊ ।"

सिधासिधै देखे/भोगेको अत्याचार छ, प्रक्रियाको औपचारिकता खोज्ने कि पार्टीले न्याय दिने ? कहाँ छ प्रक्रिया ? कस्तो हुन्छ प्रक्रिया ? त्यो बाटो कसले देखाउँछ ? जबकि प्रहरी र अदालत नै सत्ता र पहुँचको बन्धक बनेका छन् ।

दवावका सामु पार्टीले एउटा छानबिन समिति त बनायो । तर, त्यो

...बाँकी पृष्ठ ३ मा

# शिक्षक आन्दोलनमा माओवादी केन्द्रको पनि ऐक्यवद्धता




समाज संवाददाता

हेटौंडा : काठमाडौंमा जारी शिक्षक आन्दोलनमा नेकपा माओवादी केन्द्र बागमती प्रदेश समितिले पनि ऐक्यवद्धता जनाएको छ। प्रदेश समिति अध्यक्ष सरल सहयात्रीले आइतबार एक विज्ञप्ती जारी शिक्षकहरुको आन्दोलनमा ऐक्यवद्धता जनाउनुभएको हो । यसअघि शनिबार नेपाली काँग्रेस बागमती प्रदेश समिति सभापति इन्द्रबहादुर बानियाँले शिक्षकको आन्दोलनप्रति ऐक्यवद्धता जनाउनुभएको थियो ।

वर्तमान सरकारको असंवेदनशीलताले आन्दोलनको बाध्यतात्मक परिस्थिति सिर्जना भएको महासंघको ठहर रहेको र त्यसमा माओवादी केन्द्रको समेत ऐक्यवद्धता रहेको जनाइएको छ। सरकारी तथा सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारीहरुको न्यायपूर्ण मागहरुलाई सम्बोधन नगरेको, गुणस्तरीय तथा सर्वसुलभ विद्यालय शिक्षाको प्रत्याभूति गर्न सक्ने स्पष्ट नीति र संरचना सहितको उपयुक्त शिक्षा ऐन जारी गर्न ढिलाइ गर्दा शिक्षकहरु आन्दोलनमा उत्रिएको अध्यक्ष सहयात्रीले जारी गर्नुभएको विज्ञप्तीमा उल्लेख छ ।

माओवादी केन्द्र बागमतीले सरकारले तत्काल वार्ता टोली गठन गरी विगतका सहमतिहरूको सम्मान गर्दै शिक्षा ऐन जारी गर्ने प्रक्रिया अगाडि बढाउन माग गरेको छ। शिक्षकहरुको आन्दोलनको उचित सम्बोधन नगरी बेवास्ता गर्ने वा आन्दोलनको चरित्रलाई विकृत पार्ने उद्देश्यबाट सिर्जना हुने जटिल परिस्थितिको जिम्मेवारी वर्तमान सरकारले विज्ञप्तीमा उल्लेख गरिएको छ । 'माओवादी केन्द्र बागमती प्रदेश समिति शिक्षकहरुको आन्दोलनप्रति पूर्ण ऐक्यवद्धता जाहेर गर्दछ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा गठित सरकार र नेपाल शिक्षक महासंघबीच २०८० असौज ५ गते भएको ६ बुँदे सहमति र असा्ज १२ गते भएको ५ बुँदे सहमति शिक्षा ऐनमा संस्थागत गर्नुपर्ने छ', विज्ञप्तीमा उल्लेख छ ।

सरकारी तथा सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक एवम् कर्मचारीहरुको सेवा, सुरक्षा, समान सुविधा, वृत्ति विकास, समायोजन, स्थायीत्व लगायतका विषयमा सरकार र शिक्षकहरु बिचको सहमति रहेको माओवादी केन्द्र बागमती प्रदेशको भनाई छ। माओवादी केन्द्र बागमती प्रदेशले उक्त सहमतिलाई कार्यान्वयन गर्न गठित प्राविधिक समितिहरुले यसअघि नै तयारी गरिसकेको र त्यसलाई शिक्षा ऐनमार्फत संस्थागत गर्नुपर्ने स्पष्ट आवश्यकतालाई ध्यानमा राख्नुपर्ने सरकारलाई आग्रह गरेको छ । विद्यालय शिक्षा ऐनको माग गर्दै नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिद्वारा चैत्र २० गतेदेखि काठमाडौं केन्द्रीत अनिश्चितकालीन आन्दोलन सञ्चालन गरिएको छ ।

## रुँदै परदेसिए...

फगत अल्मल्याउने, प्रमाण मेटाउने मेलो मात्रै सावित भयो । अपराधकर्ममा जोडिएकासँग साँठगाँठ गर्न, भुइँमान्छेको बुझाइमा हुनसक्छ उसलाई थप दवाव दिएर थप रकम असुल्ने माध्यम पो बन्यो कि त्यो छानबिन !!

अन्ततः निराश भुइँमान्छेले भावुक भएर भने- "शायद यो पार्टी, यो देश मेरो होइन । शायद यो परिवेश हाम्रा लागि होइन । शायद यो माओवादी अब हामी जस्ता गरिबका लागि होइन !"

र, फेरि तयारी थाले – अर्को देश( गन्तव्य)को, अर्को परदेशको – जहाँ कमसेकम मेहनतले जिन्दगी बाँच्न पाइन्छ, अपमानले होइन । यस परिवेशबाट उम्किएर भारत हुँदै तेस्रो देश लाग्दै गर्दा मलाई अंकमाल गर्दै उनी साँच्चीकै भक्कानिए । भने- "दाइ यसपटक हामी हार्‍यौं!"

यो कथा व्यक्ति भुइँमान्छेको मात्र होइन – यो कथा हजारौं भुइँमान्छेका सपना भत्किएको कथा हो ।

यो कथा सत्ताका ढोका अगाडि रोएका आशाहीन नेपालीको आँसु हो ।

र, शायद, यो कथाले फेरि पनि हामीलाई सम्झाइरहेको छ –

नेपाल अझै पनि भुइँमान्छेहरूको देश बन्न बाँकी छ ।

कम्युनिस्ट आन्दोलन सैद्धान्तिक रूपमा भुइँमान्छेको सपना बोकेर अगाडि बढेको आन्दोलन हो । गरिब, श्रमिक, सीमान्तकृत वर्गका आवाज बन्रुन थालेका नेता नै तिनका वास्तविक प्रतिनिधि हुन् । तर, समयसँगै इतिहासले देखायो– आधारभूत जनताका प्रतिनिधि मानिने कतिपय नेता आफैं शासक प्रवृत्तिमा रूपान्तरण भए ।

हरिहरपुरगढी गाउँपालिका, सिन्धुलीका अध्यक्षले पार्टी र राजकीय सत्ताको आडमा भुइँमान्छेमाथि गरेको अत्याचारको कथा त्यही विडम्बनाको एउटा उदाहरण हो ।

भुइँमान्छे जस्ताकै त्याग, वलिदान र संघर्षबाट निर्माण भएको शक्तिका कारण पालिका जितेका अध्यक्षले सत्ताको नशामा आफूलाई सर्वेसर्वा ठान्ने तर पार्टी भने मुकदर्शक बन्ने- अहो कस्तो विडम्बना ! लाग्छ, गरिब र विपन्न नागरिकमाथिको अत्याचार अब सामान्य हो। प्रतिवादको प्रतिक्रियामा उल्टो धम्की, हेला र अपमान अब सामान्य हो ।

कम्युनिस्ट दर्शनको मूल्य यही हो कि सधैं उत्पीडित, गरिब, भुइँमान्छेकै पक्षमा उभिनुपर्छ। राज्य होस् वा पार्टी– सत्ताको आवरण सुन्दरता भजाएर भुइँमान्छेको दुःखलाई अदृश्य बनाउने फासीवादी संस्कार जुनसुकै भेषमा देखा पर्न सक्छ ।

तर, आन्दोलनमा हामी पनि छौं । असत्यले दिनहरू जति फराकिलो बनाओस्, सत्यको हार पक्कै हुन दिने छैनौं ।

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेंलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षति समेत पुर्‍याउँन सक्ने हुँदा डढेंलो लाग्नबाट जोगाउँन विशेष सावधानी अपनाऔं ।

डिभिजन वन कार्यालय, मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# बालजागृतिका विद्यार्थीको आवाज

## वार्षिक परीक्षाको अनुभव



आर्सु श्रेष्ठ

मैले कैयौं महिनादेखि पर्खेको कक्षा ८ को आधारभूत परीक्षा चैत ७ गते पूरा भयो । मैले यस परीक्षाका लागि धेरै अगाडिदेखि नै तयारी सुरु गरेकी थिएँ। म यस परीक्षाका लागि धेरै समय अगाडिदेखि नै इच्छुक थिएँ। यो परीक्षा मेरा लागि धेरै महत्वपूर्ण थियो ।

परीक्षाको दिन म सबेरै उठें तर मेरो मन र दिमागमा धेरै कुराहरू खेलिरहेका थिए । मैले आफूले पढेको सबै विषय याद गरेँ। छिटो खाजा खाएँ र आफ्नो झोलामा सबै सामानहरू छ कि छैन भनेर हेरें । मैले मुख्य रूपमा आफ्नो प्रवेशपत्र सुरक्षित राखें। म त्यस दिन धेरै डराएको थिएँ। किन भने त्यस दिन कक्षा ८ को आधारभूत तहको पहिलो परीक्षा थियो । मैले आफूलाई शान्त गरें र सोंचे कि 'म डराएँ भने मैले राम्रोसँग परीक्षा दिन सक्दिन र राम्रो कुराहरू सोच्न थाले ।'

जब म विद्यालय पुगें त्यहाँको वातावरण तनावपूर्ण थियो। गुरुआमा र गुरुबाहरु सबैलाई शान्त गर्न खोजिरहेका थिए तर पनि सबैजना डराइरहेका थिए। मैले मेरा साथीहरूको अवस्था देखेर सोचे कि कक्षा ८ को आधारभूत तहको परीक्षा त्यस्तो धेरै गाह्रो हुन्छ र ? मेरो मनभित्र तनाव उत्पन्न हुँदै आइरहेको थियो । मैले जब आफ्नो पहिलो परीक्षा दिएँ, मैले थाहा पाएँ कि प्रश्नहरु सोचेको जस्तो गाह्रो आउँदैन रहेछ र हामी अनावश्यक रूपमा डराइरहेका रहेछौं । यो परीक्षाले मलाई आत्मविश्वास बढाउन पनि मद्दत गर्‍यो। मेरा अरु परीक्षाहरू पनि यसरी नै गए। मैले ३/४ वटा परीक्षा दिए तापनि मेरो मनमा डर अझै पनि थियो तर मैले आफूलाई शान्त बनाएर सोंचे कि मैले धेरै मिहिनेत गरेकी छु, म राम्रो नतिजा ल्याउन सक्छु र म मेरो परिवारलाई गर्व महसुस गराउँछु ।

मेरा आमाबुबा र साथीहरूले मलाई धेरै साथ दिनुभयो । जसले मलाई मेरो आत्मविश्वास बढाउन धेरै मद्दत गरेको थियो । मैले यस परीक्षामा राम्रो नतिजा ल्याउने आशा गरेकी छु । मैले यस परीक्षामा आफ्नो तनाव र डरलाई नियन्त्रण गर्न सिकें। मैले मेरो डरलाई आफूमाथि हावी हुन दिइन । मैले आफूलाई शान्त बनाएर मेरो सबै परीक्षा सफलपूर्वक दिएँ । मैले यस परीक्षामा कतिपय प्रश्नहरुको उत्तर थाहा पाइन होला तर मैले डर, तनाव र दबावको सामना गर्न सिकें । मैले आफ्नो अध्ययनका लागि पर्याप्त समय छुट्याउन पनि सिकें ।

कक्षा ८ को आधारभूत स्तरको परीक्षा मेरो जीवनमा एक महत्वपूर्ण अनुभवको रुपमा रहनेछ। यस परीक्षाले मलाई मिहिनेतको महत्व, आत्मविश्वास र साथीहरूको समर्थनको मूल्य सिकाएको छ । अब म मेरो अर्को स्तरको शिक्षामा आउने चुनौतिहरूको सामना गर्न तयार छु।

## मेरो सपनाको संसार



देविना सञ्जेल

"जब तपाईको सपना शक्तिशाली हुन्छ, तब तपाईका सबै डर र असफलताहरु सानो देखिन्छ ।

जीवनले हामीलाई विभिन्न चुनौतिहरु र संघर्षहरुको सामना गर्न बाध्य बनाउँछ। यद्यपि यो संसार विभिन्न रङ्ग र आवाजहरुको मिश्रण हो भने म सधैं मेरो एउटा सपनाको संसारको कल्पना गर्छु, जहाँ शान्ति, प्रेम र आनन्दको सागर बहन्छ ।

मेरो सपनाको संसार एक सुन्दर हरियालीले ढाकिएको, फूलहरुले सुगन्धित र चन्द्रमाको उज्यालोमा चाँदनी रातहरुको सजावटले भरिएको छ । यहाँका वृक्षहरु उचाइमा उभिएका छन्, जसमध्ये प्रतिपर्यायले पुकार्छ र हावा मृदुल र शीतल हुन्छ। कविता सुनाउने चरीहरुको स्वरले हृदयमा आनन्दको लहर बगाउँदछ। यहाँ युद्ध, द्वेष र भेदभावको कुनै ठाउँ छैन । यहाँ हावा हाँसोले भरिएको छ र समाजका तन्तुहरु सहानुभूति र करुणाको धागोले जोडिएका। यहाँ प्रत्येक व्यक्तिको भिन्नता एउटा सौन्दर्य हो । "रङको भिन्नता मात्र होइन, हरेक व्यक्तिको आन्तरिक भावना पनि महत्वपूर्ण छ ।" यो मेरो विश्वास हो । याँ संसार विविधता र समानताका उत्सवमा रमाउँदछ। मेरो यस काल्पनिक संसारमा सबैले आत्म-सम्मान र साहसको साथ आफूलाई अभिव्यक्त गर्न सक्छन् ।

हास्य र हर्षोल्लासको बिचमा पनि यहाँ हरेक व्यक्ति आफ्नो शारीरिक र मानसिक विशेषता अनुसार सजिलो र सशक्त महसुस गर्छ। कल्पना गर्नुहोस् एक सुन्दर बगैंचामा बच्चाहरु खुल्ला आकाशमुनी खेलिरहेका छन्। उनीहरुको हाँसो र खुसीको लहर हावामा गुन्जिरहेको छ हो, यस्तै छ मेरो कल्पनाको संसार । यस कल्पनाशील संसारमा हरेक विचार र रचनात्मक अनन्त सम्भावनामा परिवर्तन हुन्छ । मेरो सपनाको संसार केवल कल्पनामा सीमित रहनु हुँदैन। म यसलाई वास्तविकता बनाउन हर सम्भव प्रयास गर्नेछु ।

*कक्षा-९*




## मुक्तक



आश्रिका न्यौपाने

गलत दृष्टिले मतिर नहेरिदेउ
तिम्रा गलत सौँच अब फेरिदेउ
तिम्रा पनि घरमा चेलिबेटी होलान्
मलाई पनि त्यही मध्ये एक नाताले हेरिदेउ ।

*कक्षा-८*

# मकवानपुरमा भर्ना अभियान सुरु



*बकैया गाउँपालिका-४ स्थित महेन्द्र माध्यमिक विद्यालयका शिक्षकहरु भर्ना अभियानअन्तर्गत घरदैलोमा अभिभावकसँग कुराकानी गर्दै ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुरका सामुदायिक विद्यालयले वार्षिक परीक्षा सकिएसँगै भर्ना अभियान सुरु गरेका छन् । गुणस्तरीय शिक्षा, व्यवस्थित कक्षाकोठा, शुद्ध खानेपानी र खाजाको व्यवस्था रहेको भन्दै विद्यार्थी संख्या बढाउने उद्देश्यले विद्यालय भर्ना अभियानमा जुटेका छन् । कुनैपनि बालबालिका शिक्षाबाट बञ्चित नहोस् भन्ने अभिप्रायले भर्ना अभियान सुरु गरिए पनि विद्यालयलाई विद्यार्थी टिकाउन भने समस्या रहेको छ ।

मकवानपुरका १० पालिकाभित्र रहेका प्रायः विद्यालयले भने नयाँ शैक्षिक सत्र २०८२ सुरु हुन बाँकी रहेकाले वैशाखदेखि मात्र भर्ना अभियान सुरु गरिने बताएको छ । हेटौँडा-१३, वनस्पतिस्थित युगचेतना नमुना आधारभूत विद्यालयले बिहीबारबाट भर्ना अभियान सुरु गरेको छ । विद्यालयका प्रधानाध्यापक शंकर थिङकाअनुसार विद्यार्थी संख्या बढाउने उद्देश्यले भर्ना अभियान सुरु गरेको हो । शैक्षिक सत्र २०८१ मा ३ सय ७५ जना विद्यार्थी भर्ना भएको जानकारी दिनुहुँदै उहाँले ४ सय विद्यार्थी संख्या पुऱ्याउने लक्ष्य विद्यालयको रहेको बताउनुभयो । विद्यालयलाई भर्ना अभियानसँगै भर्ना भएका विद्यार्थीलाई टिकाउन समस्या रहेको प्रधानाध्यापक थिङले जानकारी दिनुभयो । विशेषगरी अंग्रेजी माध्यममा अध्ययनरत् विद्यार्थीले बीचैमा पढाइ छोड्ने गरेको उहाँको भनाई छ ।

ईसिडीमा अध्ययनरत् विद्यार्थीलाई मासिक ५ रुपैयाँदेखि कक्षा-९ मा अध्ययनरत् विद्यार्थीलाई मासिक एक हजार ५ सय रुपैयाँ विद्यालयले लिँदै आएको प्रधानाध्यापक थिङले जानकारी दिनुभयो । तर विद्यालयले मासिक शुल्क लिएपछि पैसा तिर्न नसक्ने भन्दै पढाइ छोड्ने गरेको उहाँले बताउनुभयो । यसैगरी हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयले पनि सोमबारबाट भर्ना अभियान सुरु गरेको छ । विद्यार्थी संख्या एक हजार पुऱ्याउने लक्ष्यसहित भर्ना अभियान सुरु गरिएको श्रमिक माध्यमिक विद्यालयका प्रधानाध्यापक श्रीराम दहालले जानकारी दिनुभयो ।

यसैगरी राक्सिराङ गाउँपालिका-३ स्थित सूर्योदय माध्यमिक विद्यालयले भने वैशाख २ गतेबाट मात्र भर्ना अभियान सुरु गरिने जनाएको छ । विद्यार्थीको संख्या वृद्धि गर्ने उद्देश्यले सूर्योदय माध्यमिक विद्यालयका प्रधानाध्यापक सिताराम सुवेदीले नेपाल सरकारको मापदण्ड र निर्देशनअनुसार चल्नुपर्ने भएकाले २ गतेदेखि मात्र भर्ना अभियान सुरु गरिने बताउनुभयो । कक्षा-१२ सम्म अध्यापन हुने विद्यालयमा शैक्षिक सत्र २०८१ मा करिव ६ सय विद्यार्थीले भर्ना भएका थिए । यस्तै यस वर्ष करिव ५० जना नयाँ विद्यार्थी भर्ना गर्न सकिन्छ कि भन्ने लक्ष्य रहेको छ । तर ३०-४० जनाले वार्षिक परीक्षा समेत नदिएको अवस्थामा भर्ना भएका ती विद्यार्थीलाई टिकाउन भने समस्या रहेको उहाँको भनाई छ । ग्रामीण क्षेत्रका विद्यालयलाई विद्यार्थीको आर्थिक अवस्था कमजोर भएका कारण विद्यार्थी टिकाउन समस्या भएको प्रधानाध्यापक सुवेदीले बताउनुभयो । विशेष गरेर गरिबी र बालविवाहका कारण राक्सिराङमा बीचैमा पढाइ छोड्ने गरेको उहाँले जानकारी दिनुभयो ।

हेटौँडा-१, चाईनाक्वाटरस्थित अमर माध्यमिक विद्यालयले चैत २९ गतेबाट भर्ना अभियान सुरु गर्ने जनाएको छ । अमर माध्यमिक विद्यालयकी प्रधानाध्यापक मालती उप्रेतीकाअनुसार चैत २७ र २८ गते वार्षिक परीक्षाको नतिजा सार्वजनिक पश्चात भर्ना अभियान सुरु गरिनेछ । विद्यार्थी संख्या बढाउने भन्दा पनि छिमेकी ठूला दुई विद्यालयमा भर्ना हुन नपाएका विद्यार्थीलाई समावेश गरेर गुणस्तरीय शिक्षा र अभिभावकको विश्वासलाई अत्मासात् गर्न विशेष प्राथमिकता दिने उहाँले बताउनुभयो । यस्तै भीमफेदी गाउँपालिकामा रहेको बाराही माध्यमिक विद्यालयले वैशाख २ गतेबाट मात्र भर्ना अभियान सुरु गरिने जनाएको छ । विद्यार्थी संख्या बढाउने र कुनै पनि बालबालिका विद्यालय बाहिर नहोस् भन्ने उद्देश्यले भर्ना अभियान सुरु गर्न लागिएको बाराही माध्यमिक विद्यालयका प्रधानाध्यापक डिपी गौतमले जानकारी दिनुभयो । बीचमै पढाइ छाड्ने विद्यार्थीको दर पनि रहेकाले नयाँ भर्ना भएका विद्यार्थीलाई टिकाउन समस्या रहेको उहाँले बताउनुभयो । आर्थिक समस्याकै कारणसँगै पढाइप्रतिको महत्व बुझ्न नसक्दा विद्यार्थीले बीचमै पढाइ छोड्ने गरेको प्रधानाध्यापक गौतमको भनाई छ ।

बकैया गाउँपालिका-४, स्थित महेन्द्र माध्यमिक विद्यालयले पनि भर्ना अभियान सुरु गरेको छ । गत बिहिबार घरदैलो गर्दै विद्यार्थी भर्ना अभियान सुरु गरिएको प्रधानाध्यापक देवकी सिग्देलले जानकारी दिनुभयो । महेन्द्र माविले बुधबार वार्षिक परीक्षाको नतीजा सार्वजनिक गरेर बिहिबारदेखि भर्ना अभियान सुरु गरेको हो ।

# रानी वनको अध्यक्षमा धिताल निर्वाचित

समाज संवाददाता

हेटौँडा : हेटौँडा-६ स्थित रानी सामुदायिक वनको अध्यक्षमा केशव धिताल निर्वाचित हुनुभएको छ । आइतबार बिहान सम्पन्न मतगणनासँगै ५६२ मतसहित धिताल विजयी हुनुभएको हो । अध्यक्षका अर्की आकांक्षी नानीमाया रुम्बाले ४५३ मत प्राप्त गर्नुभएको छ । यस्तै उपाध्यक्षमा महेन्द्रकुमार श्रेष्ठ निर्वाचित हुनुभएको छ । श्रेष्ठले ५२० मत प्राप्त गर्दै विजयी हुनुभयो भने अर्का आकांक्षी मुकुन्द अधिकारीले ४६० मत प्राप्त गर्नुभएको छ ।

यस्तै सचिवमा अमुना सापकोटा ४६२ मतसहित विजयी हुनुभएको छ । सचिवकी अर्की आकांक्षी पार्वती न्यौपानेले ४५३ मत प्राप्त गर्नुभयो । सह-सचिवमा हेमबहादुर योञ्जन ४६६ मतसहित विजयी हुँदा अर्का आकांक्षी आत्मराम आर्चायले ४१६ मत प्राप्त गर्नुभयो । कोषाध्यक्षमा गोमा लामिछाने ५४९ निर्वाचित हुनुहुँदा अर्की आकांक्षी शोभा घिमिरे ३२९ मत प्राप्त गर्नुभयो ।

सदस्यहरूमा सूर्यप्रसाद दुलाल, पूर्णभद्र चौलागाईं, केदारप्रसाद अधिकारी, बाबुराम तामाङ, लक्ष्मी देवी श्रेष्ठ गोपाली, जोगमाया राई र विष्णु विश्वकर्मा विजयी हुनुभएको छ । शनिबार भएको निर्वाचनमा एक हजार एक सय तीन जनाले मतदान गरेका थिए । निर्वाचनमा चार मत बदर भएको निर्वाचन अधिकृत अर्जुन प्रसाद चौलागाईले जानकारी दिनुभयो । नवनिर्वाचित कार्यसमितिको कार्यकाल ४ वर्षको रहने छ । यसअघि वनका अध्यक्ष विष्णु प्रसाद न्यौपाने रहनु भएको थियो । रानी सामुदायिक वन समूहमा ७८९ घरधुरी सदस्य छन् ।

# शनिबार दुई जनाको मृत्यु, एक कंकाल फेला

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको २ जिल्लामा एकैदिन २ जनाको मृत्यु भएको छ भने एक कंकाल फेला परेको छ । प्रदेशको काभ्रेपलाञ्चोक र नुवाकोट जिल्लाका २ जनाको मृत्यु भएको छ भने चितवनमा कंकाल फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिका-६, मेसिगाँउमा ट्याक्टरबाट हामफाल्दा एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा भारतको बिहार राज्य घर भई हाल मण्डनदेउपुर नगरपालिका-७ बस्ने २७ वर्षीय जयराम मण्डन रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार राती १० बजेर ३० मिनेटको समयमा म प्र ०३-००१ त ७२८५ नम्बरको ट्याक्टरबाट घर फर्कने क्रममा ट्याक्टरबाट हामफाल्दा जयराम गम्भिर घाइते भएका थिए । घाइते जयरामलाई उपचारका लागि मण्डनदेउपुर आधारभुत अस्पताल लगिएकोमा राती ११ बजेर ३० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । ट्याक्टर चालक पर्सा जिल्लाको बौचरमाई-७ का ४० वर्षीय सुरेश प्रसाद यादव प्रहरीको नियन्त्रणमा रहेको छ ।

नुवाकोट जिल्लाको ककनी गाउँपालिका-३, ढुङ्गानागाउँस्थित थ्रेसरले च्यापेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ३३ वर्षीय धर्मराज ढुङ्गाना रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार दिउँसो २ बजेको समयमा आफ्नै बारीमा ना ६ त २०८२ नम्बरको ट्याक्टरमा जडान भएको गहुँ चुट्ने थ्रेसर लगाई फर्किने क्रममा सोही थ्रेसरमेसिन पल्टिएर लाग्दा ढुङ्गाना गम्भीर घाइते भएका थिए । ढुङ्गानालाई उपचारका लागि काठमाडौँस्थित वीर अस्पताल लगिएकोमा दिउँसो ४ बजेर १५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । ट्याक्टर चालक चितवन जिल्लाको भरतपुर महानगरपालिका-२३, जगतपुरका ४२ वर्षीय कृष्ण अधिकारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, नारायणी नदीमा एक मानव कंकाल फेला परेको छ । शनिबार साँझ ७ बजेर १५ मिनेटको समयमा नदीको किनारमा पहिचान छुट्याउन नसकिने मानव कंकाल फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात कंकाल भरतपुर सरकारी अस्पताल लगिएको छ ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# कच्चा तेलको मूल्यमा भारी गिरावट

काठमाडौं : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार भन्सार युद्ध सुरू गरेपछि कच्चा तेलको अन्तर्राष्ट्रिय भाउमा व्यापक गिरावट आएको छ । साउदी अरेबिया र रूससहितका तेल निर्यातकको संगठन (ओपेक प्लस) ले आपूर्ति बढाउने निर्णय गरेपछि कच्चा तेलको (ब्रेन्ट क्र्युड ओयल) अन्तर्राष्ट्रिय भाउ ह्वात्तै घटेर ६५ डलर प्रति ब्यारेल पुगेको छ । यो चार वर्षयताकै सबभन्दा कम भएको भनेर विभिन्न अन्तर्राष्ट्रिय मिडियाले लेखेका छन् । कोभिड महामारीका कारण समस्यामा परेको विश्व अर्थतन्त्र सुधार हुने क्रममा रहेको बेला पछिल्लो पटक २०२१ को मे महिनामा तेलको भाउ ६५ डलरमा थियो ।

ट्रम्पले नयाँ भन्सार नीति अनुसार सबै व्यापारिक साझेदार देशहरूलाई १० प्रतिशत भन्सार शुल्क लगाउने घोषणा छन् । प्रतिस्पर्धीहरूलाई भने रेसिप्रोकल (जवाफी) महसुल लगाउने घोषणा गरेका छन् । अरू देशले अमेरिकी उत्पादनमा लगाए जति नै भन्सार लगाउने भनेर उनले रेसिप्रोकल महसुल घोषणा गरेका छन् । उनले आठ वटा देशहरूलाई ४० प्रतिशतभन्दा बढी भन्सार शुल्क निर्धारण गरेका छन् भने मुख्य प्रतिस्पर्धी चीनलाई ३४ प्रतिशत अनि भारतलाई २७ प्रतिशत भन्सार शुल्क निर्धारण गरेका छन् । अमेरिकासँग घनिष्ठ सम्बन्ध भएको युरोपियन युनियनलाई पनि २० प्रतिशत भन्सार लगाएका छन् । त्यस कारणले विश्व अर्थतन्त्रमा नकारात्मक असर परेर तेलको माग घट्ने अपेक्षामा बिहीबार भाउ घटेर ७० डलर प्रति ब्यारेलभन्दा तल झरेको थियो ।

बिहीबार नै ओपेक प्लसले मे महिनादेखि लागु हुने गरी दैनिक उत्पादन बढाउने घोषणा गऱ्यो । ओपेक प्लसले मे महिनादेखि लागु हुने गरी दैनिक उत्पादन एक लाख २२ हजार ब्यारेलले बढाउने घोषणा पहिल्यै गरेको थियो । ट्रम्पले बुधबार भन्सार युद्ध घोषणा गरेर तेलको भाउ घटिसकेपछि उत्पादन बढाए भाउ अझै घट्न सक्ने भएकाले ओपेक प्लसले उत्पादन बढाउने सो निर्णय फिर्ता लिने अपेक्षा गरिएको थियो । तर ओपेक प्लसले सो निर्णय फिर्ता लिनुको साटो एक लाख २२ हजार ब्यारेलले मात्रै उत्पादन नबढाएर मे महिनादेखि लागु हुने गरी दैनिक चार लाख ११ हजार ब्यारेलले बढाउने घोषणा गऱ्यो । यसले तेलको भाउ झन् घट्यो । *स्रोत : सेतोपाटी ।*

उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू

नून कम भएको स्वस्थ र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौँ ।

स्वस्थ र दीर्घ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ